नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ३५९

मितिः- २०८०/१२/०६

श्री स्थानीय तह (सबै),

विषय :- जानकारी गराउने सम्वन्धमा ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य संकट व्यवस्थापन केन्द्रको च.नं. १८ मिति २०८०/१२/०४ को पत्रको छायाँकपि यसै पत्रसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१२/०६

(आयुषी भट्टराई)

शाखा अधिकृत

बोधार्थ :

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्वास्थ्य संकट व्यवस्थापन केन्द्र ।

श्री सूचना प्रविधि शाखा : सबै स्थानीय तहको ईमेलमा पठाउनुको साथै यस मन्त्रालयको website मा समेत Upload गरिदिनु हुन

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

# स्वास्थ्य संकट व्यवस्थापन केन्द्र

संघीय मा.म.

सिंहदरबार, काठमाडौं
नेपाल ।

प.सं.०८०/०८१
च.नं. १८

मितिः- २०८०/१२/०४

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३६९३
दर्ता मितिः- १२/५

विषयः जानकारी गराई दिनुहुन।

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।०९।०५ को बैठकबाट कोभिड-१९ सङ्कट व्यवस्थापन केद्र(**CCMC**) खारेज गरी राष्ट्रिय स्वास्थ्य सङ्कट समन्वय निर्देशिका २०८० स्वीकृत भएकोले उक्त निर्देशिकाको छाँया प्रति यसै साथ संलग्न गरी पठाईएको छ । निर्देशिकाको दफा १० मा स्थानीय स्वास्थ्य सङ्कट व्यवस्थापन समिति रहने व्यवस्था भएकोले सबै स्थानीय तहहरुलाई जानकारी गराई दिनुहुन आदेशानुसार अनुरोध छ।

१२।०४
(शालिकराम फुयाल)
शाखा अधिकृत

स्थानीय तह समन्वय शाखा

१२/५

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# राष्ट्रिय स्वास्थ्य सङ्कट व्यवस्थापन निर्देशिका, २०८०

**प्रस्तावना:** स्वास्थ्यसम्बन्धी कुनै पनि सङ्कट उत्पन्न भएमा वा रोगले महामारीको रूप लिएमा सोको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि अन्तरनिकाय समन्वय गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "राष्ट्रिय स्वास्थ्य सङ्कट व्यवस्थापन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:-

(क) "केन्द्र" भन्नाले दफा ५ बमोजिमको स्वास्थ्य सङ्कट व्यवस्थापन केन्द्र सम्झनु पर्छ।

(ख) "निर्देशक समिति" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय स्वास्थ्य सङ्कट व्यवस्थापन निर्देशक समिति सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ।

(घ) "महामारी" भन्नाले प्रचलित कानूनबमोजिम नेपाल सरकारले घोषणा गरेको सङ्क्रामक रोगको महामारी सम्झनु पर्छ।

(ङ) "सङ्क्रमित" भन्नाले महामारीको रूपमा फैलिएको सङ्क्रामक रोगबाट सङ्क्रमित व्यक्ति सम्झनु पर्छ।

(च) "सङ्क्रामक रोग" भन्नाले एक व्यक्तिबाट अर्को व्यक्तिमा कुनै पनि माध्यमबाट सर्ने रोग सम्झनु पर्छ।

(छ) "समन्वय समिति" भन्नाले दफा ५ को उपदफा (३) बमोजिमको समन्वय समिति सम्झनु पर्छ।

(ज) "स्वास्थ्य संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालित सरकारी अस्पताल, प्रचलित कानूनबमोजिम स्थापना वा अनुमति प्राप्त गरी सञ्चालनमा रहेका गैरसरकारी अस्पताल, निजी अस्पताल, सहकारी अस्पताल, गैरनाफामूलक वा समुदायिक अस्पताल, शिक्षण अस्पताल वा अन्य स्वास्थ्य संस्था सम्झनु पर्छ।

(झ) "स्वास्थ्य सङ्कट" भन्नाले प्रचलित कानूनबमोजिम नेपाल सरकारले घोषणा गरेको स्वास्थ्य सङ्कट सम्झनु पर्छ।

३. **निर्देशक समिति:** (१) स्वास्थ्य सङ्कट वा महामारीको समयमा सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारको व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न देहायबमोजिमको राष्ट्रिय स्वास्थ्य सङ्कट व्यवस्थापन निर्देशक समिति रहनेछ:

(क) प्रधानमन्त्री वा निजले तोकेको मन्त्री -अध्यक्ष

(ख) अर्थ मन्त्री -सदस्य

(ग) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री -सदस्य

(घ) गृह मन्त्री -सदस्य

(ङ) परराष्ट्र मन्त्री -सदस्य

(च) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री -सदस्य

(छ) मुख्य सचिव, नेपाल सरकार -सदस्य

(ज) प्रधान सेनापति -सदस्य

(झ) प्रहरी महानिरीक्षक -सदस्य

(ञ) सशस्त्र प्रहरी महानिरीक्षक -सदस्य

(ट) राष्ट्रिय अनुसन्धान विभागको प्रमुख -सदस्य

(ठ) कार्यकारी प्रमुख, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण -सदस्य

(ड) केन्द्रको प्रमुख -सदस्य सचिव

(२) निर्देशक समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) निर्देशक समितिको बैठकमा आवश्यकताअनुसार कुनै मन्त्री वा सम्बन्धित निकायका अधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) निर्देशक समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समितिले निर्धारण गरेबमोजिम हुनेछ।

४. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) स्वास्थ्य सङ्कट वा महामारी रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नीति, योजना र रणनीति स्वीकृत गर्ने;

(ख) स्वास्थ्य सङ्कट वा महामारी रोकथाम, नियन्त्रण, निदान र उपचारका सम्बन्धमा सुरक्षा र आपूर्ति व्यवस्थालाई नियमित गर्न निर्देशन दिने तथा बाह्य सहयोग परिचालन गर्न सहजीकरण गर्ने;

(ग) स्वास्थ्य सङ्कट वा महामारी रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी कार्यमा प्रदेश तथा स्थानीय तहबिच आवश्यक समन्वय गर्ने र नीतिगत मार्गदर्शन गर्ने;

(घ) स्वास्थ्य सङ्कट वा महामारी रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको भूमिका निर्धारण गर्ने;

(ङ) स्वास्थ्य सङ्कट वा महामारी रोकथाम, नियन्त्रण, निदान र उपचारसँग सम्बन्धित निकाय, संस्था वा पदाधिकारीलाई आवश्यक निर्देशन दिने;

(च) स्वास्थ्य सङ्कट वा महामारी घोषणा भएको अवधिमा स्वास्थ्य सङ्कट वा महामारी नियन्त्रणका लागि अत्यावश्यक औषधी तथा उपकरण शीघ्र खरिद गर्न आवश्यक नीतिगत व्यवस्था मिलाउने;

(छ) नेपाल सरकार र विदेशी सरकारबिच परराष्ट्र मन्त्रालयमार्फत सम्बन्ध स्थापना गरी स्वास्थ्य सङ्कट वा महामारी नियन्त्रणका लागि आवश्यक समन्वय गर्ने।

५. <u>स्वास्थ्य सङ्कट व्यवस्थापन केन्द्र (HCMC):</u> (१) स्वास्थ्य सङ्कट वा महामारीको रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी काममा अन्तरनिकाय समन्वय गर्नका लागि एक स्वास्थ्य सङ्कट व्यवस्थापन केन्द्र रहनेछ।

(२) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सामाजिक विकास हेर्ने सचिवले केन्द्रको प्रमुखको रूपमा काम गर्नेछ।

(३) केन्द्रको काममा सहजीकरण गर्नको लागि देहायबमोजिमको समन्वय समिति रहनेछः-

(क) केन्द्रको प्रमुख -संयोजक

(ख) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय -सदस्य

(घ) सहसचिव, परराष्ट्र मन्त्रालय -सदस्य

(ङ) सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

(च) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(छ) सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

(ज) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ११ औं तहको चिकित्सक अधिकृत -सदस्य

(झ) मन्त्रालयअन्तर्गत रहेको स्वास्थ्य आपत्कालीन सञ्चालन केन्द्र (Health Emergency Operation Centre-HEOC) का केन्द्र प्रमुख -सदस्य

(ञ) नेपाली सेनाको चिकित्सक सहायक रथी वा महासेनानी -सदस्य

(ट) नेपाल प्रहरीको चिकित्सक प्रहरी नायब महानिरीक्षक वा प्रहरी बरिष्ठ उपरीक्षक -सदस्य

(ठ) सशस्त्र प्रहरी बल, नेपालको चिकित्सक सशस्त्र प्रहरी नायब महानिरीक्षक वा सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक -सदस्य

(ड) राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान निर्देशक वा सहअनुसन्धान निर्देशक -सदस्य

(ढ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सामाजिक विकास हेर्ने सहसचिव -सदस्य सचिव

(४) समन्वय समितिको बैठक सो समितिको संयोजकले बोलाएको मिति, समय र स्थानमा बस्नेछ।

(५) समन्वय समितिले आवश्यक देखेमा अन्य निकायका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) समन्वय समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सोही समितिले निर्धारण गरेबमोजिम हुनेछ।

६. <u>केन्द्रको काम, कर्तव्य र अधिकारः</u> केन्द्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) स्वास्थ्य सङ्कट वा महामारी रोकथाम, नियन्त्रण, निदान तथा उपचारको व्यवस्थापनमा देखिएका समस्या पहिचान गरी समाधानका लागि सम्बन्धित निकायहरूबिच समन्वय कायम गर्ने;

(ख) स्वास्थ्य सङ्कट वा महामारीको समयमा अत्यावश्यक औषधी, स्वास्थ्य सामग्री तथा उपकरण, खाद्यसामग्री तथा अत्यावश्यक वस्तु वा सेवाको आपूर्तिमा देखिएका समस्या समाधान गर्न सम्बन्धित निकायहरूबिच आवश्यक समन्वय तथा सहजीकरण गर्ने;

(ग) स्वास्थ्य सङ्कट वा महामारीको समस्या समाधानका लागि स्थानीय तह, प्रदेश सरकार, सम्बन्धित मन्त्रालय वा निकाय तथा सरोकारवालासँग समन्वय गर्ने;

(घ) स्वास्थ्य सङ्कट वा महामारी रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि प्राप्त स्रोत, साधन तथा सामग्रीको परिचालन गराउन समन्वय तथा सहजीकरण गर्ने;

(ङ) स्वास्थ्य सङ्कट वा महामारीको समयमा नेपाल सरकारले तोकेका अन्तर्राष्ट्रिय सीमा नाकामा सङ्क्रमितको पहिचान, क्वारेन्टिन, आइसोलेसन केन्द्र, होल्डिङ सेन्टरलगायतका सेवा विस्तार गर्न वा गराउन सम्बन्धित निकायसँग समन्वय गर्ने;

(च) स्वास्थ्य सङ्कट वा महामारीको समयमा उपचारको लागि द्रुत प्रतिकार्य टोली परिचालन गराउन मन्त्रालयसँग समन्वय गर्ने;

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(छ) स्वास्थ्य सङ्कट वा महामारीको समयमा सङ्क्रमणको अवस्थाको विश्लेषण गरी सोको रोकथाम, नियन्त्रण र निदानका लागि अपनाउनु पर्ने रणनीतिको विषयमा निर्देशक समितिसमक्ष सिफारिस गर्ने;

(ज) स्वास्थ्य सङ्कट वा महामारीको रोकथाम, नियन्त्रण, निदान र उपचार गर्ने स्वास्थ्य संस्था तोक्न मन्त्रालयको परामर्शमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने;

(झ) स्वास्थ्य सङ्कट वा महामारीको समयमा टोली गठन गरी सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारसँग सम्बन्धित निकाय वा संस्थाको अनुगमन तथा निरीक्षण गर्ने वा गराउने;

(ञ) स्वास्थ्य सङ्कट वा महामारीको घोषणा गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्ने;

(ट) स्वास्थ्य सङ्कट वा महामारीको समयमा नेपाल सरकार तथा निर्देशक समितिको निर्देशनबमोजिमका कार्य गर्ने।

७. **सचिवालयसम्बन्धी व्यवस्था:** (१) केन्द्रको सचिवालय सिंहदरबार परिसरमा रहनेछ।

(२) सचिवालयमा नेपाल सरकारले स्वीकृत गरेबमोजिमको सङ्ख्यामा निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल वा अन्य सरकारी सेवाका कर्मचारीहरू काजमा रहनेछन्।

(३) सचिवालयको प्रशासनिक नेतृत्व प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सामाजिक विकास तथा रूपान्तरण महाशाखा हेर्ने सहसचिवले गर्नेछ।

(४) सचिवालयले अन्य कार्यका अतिरिक्त निर्देशक समिति, तथा समन्वय समितिको बैठकको व्यवस्थापन गर्ने, बैठकको निर्णय अभिलेखीकरण गर्ने र निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने कार्य गर्नेछ।

८. **प्रदेश स्वास्थ्य सङ्कट व्यवस्थापन समिति:** (१) प्रदेशस्तरमा स्वास्थ्य सङ्कट वा महामारी रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी कामलाई सहज, छिटोछरितो र प्रभावकारी बनाउनका लागि आवश्यक समन्वय गर्न प्रदेश सरकारले मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश स्वास्थ्य सङ्कट व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

९. **जिल्ला स्वास्थ्य सङ्कट व्यवस्थापन समिति:** (१) स्वास्थ्य सङ्कट वा महामारीको समयमा त्यस्तो महामारीको रोकथाम, नियन्त्रण निदान र उपचारसम्बन्धी कामलाई सहज, छिटोछरितो र प्रभावकारी बनाउनका लागि सम्बन्धित निकायहरूबिच समन्वय कायम गर्न प्रत्येक जिल्लामा देहायबमोजिमको जिल्ला स्वास्थ्य सङ्कट व्यवस्थापन समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | -संयोजक |
| (ख) | जिल्लाभित्रका स्थानीय तहका प्रमुख/अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | -सदस्य |
| (ग) | जिल्ला समन्वय अधिकारी | -सदस्य |
| (घ) | जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू | -सदस्य |
| (ङ) | जिल्लास्थित स्वास्थ्य कार्यालय/सरकारी अस्पतालका प्रमुख | -सदस्य |
| (च) | जिल्लास्थित पूर्वाधार विकास तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरू | -सदस्य |
| (छ) | राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलका जिल्लास्थित प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (ज) | नेपाल रेडक्रस सोसाइटीको जिल्लास्थित प्रमुख | -सदस्य |
| (झ) | नेपाल पत्रकार महासङ्घको जिल्लास्थित प्रमुख | -सदस्य |

(ञ) गैरसरकारी महासङ्घको जिल्लास्थित प्रमुख -सदस्य

(ट) उद्योग वाणिज्य महासङ्घको जिल्लास्थित प्रमुख -सदस्य

(ठ) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत -सदस्य सचिव

(२) जिल्ला स्वास्थ्य सङ्कट व्यवस्थापन समितिले निर्देशक समिति, समन्वय समिति, प्रदेश व्यवस्थापन समिति तथा केन्द्रबाट भएका निर्णय कार्यन्वयन गर्न वा गराउनका लागि तथा राष्ट्रिय स्वास्थ्य सङ्कट वा महामारीको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि सम्बन्धित निकायहरूबिच आवश्यक समन्वय गर्नेछ।

१०. **स्थानीय स्वास्थ्य सङ्कट व्यवस्थापन समितिः** स्वास्थ्य सङ्कट वा महामारीको समयमा स्थानीयस्तरमा महामारीको रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी कामलाई सहज, छिटोछरितो र प्रभावकारी बनाउन सम्बन्धित निकायहरूबिच समन्वय कायम गर्न स्थानीय तहले प्रमुख वा अध्यक्षको संयोजकत्वमा बढीमा १५ जना सदस्य भएको स्थानीय स्वास्थ्य सङ्कट व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

११. **मन्त्रालयसँगको समन्वयः** (१) स्वास्थ्य सङ्कट वा महामारीको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि अन्तरनिकाय समन्वयका लागि विशेष व्यवस्था गर्नुपरेमा केन्द्रले मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ।

(२) केन्द्रले स्वास्थ्य सङ्कट वा महामारीसम्बन्धी कुनै विषयमा मन्त्रालयले गरेका अध्ययन अनुसन्धान तथा पूर्वानुमानसम्बन्धी विवरण माग गर्न सक्नेछ र त्यसरी माग भएका विवरण मन्त्रालयले उपलब्ध गराउनुपर्नेछ।

१२. **केन्द्रको बजेटः** (१) केन्द्रको सचिवालय सञ्चालनका लागि आवश्यक पर्ने नियमित बजेट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बेग्लै बजेट उपशीर्षकमा व्यवस्था मिलाइनेछ।

(२) स्वास्थ्य सङ्कट वा महामारीको समयमा आवश्यक पर्ने बजेट नेपाल सरकारले छुट्टै उपलब्ध गराउनेछ।

१३. **खारेजी र बचाउः-** (१) कोभिड व्यवस्थापन आदेश, २०७८ खारेज गरिएको छ।

(२) यो निर्देशिका प्रारम्भ हुँदाका बखत कायम रहेको कोभिड १९ सङ्कट व्यवस्थापन केन्द्रको सचिवालय केन्द्रको सचिवालयको रूपमा कायम रहनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं